नि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६८

राजविराज दैनिक

वर्ष ३६ अंक १०२ २०८३ साल मंसिर २ गते बुधबार (18 Nov 2026 Wednesday) मूल्य रु. ५/-

बालविवाह र बालश्रम विरुद्ध सजगता

कानुनी उमेर :
नेपालमा विवाह गर्ने कानुनी उमेर २० वर्ष हो ।
उमेर नपुगी विवाह :
शारीरिक र मानसिक स्वास्थ्यमा गम्भीर असर ।
बालश्रम निषेध :
१४ वर्ष मुनिका बालबालिकालाई काममा लगाउनु कानुनी अपराध हो ।
शिक्षाको निरन्तरता :
हरेक बालबालिकालाई विद्यालय पठाउनु अभिभावकको दायित्व हो ।

Log in : *rajbirajdainik.com.np*

यस अंक भित्र : २ पृष्ठमा : नेपाल-चीन सम्बन्ध... ३ पृष्ठमा : बलिडमा नेपाली खेलाडीको... ३ पृष्ठमा : इरानले अमेरिकामा 'डर्टी बम'...

नेपाल पत्रकार महासंघद्वारा आन्दोलन घोषणा



दैनिक समाचारदाता
राजविराज, १ मंसिर ।

नेपाल पत्रकार महासंघले वर्तमान अवस्थामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षणप्रति सरकारले अनुदार व्यवहार देखाएको विरोधमा चरणबद्ध आन्दोलनको घोषण गरेको छ ।

महासंघका महासचिव रामप्रसाद दाहालद्वारा मंगलबार जारि विज्ञप्तिमा वर्तमान अवस्थामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षणप्रति सरकारले अनुदार व्यवहार देखाएको विरोधमा आन्दोलन घोषणा गरिएको उल्लेख छ ।

समाचार कक्षमै प्रहरी प्रवेश गरी पत्रकारमाथि गरिएको धरपकड, प्रेस स्वतन्त्रता नियन्त्रणको मनसाय राखी प्रेस काउन्सिल ऐनसम्बन्धी अध्यादेश जारी गर्ने प्रयास, सञ्चारमाध्यममा अनाधिकृत गाडी तेर्स्याउनेलाई हालसम्म कारवाही नगरिएको, गोरखापत्रलगायत सरकारी सञ्चारमाध्यम तथा निजी सञ्चारमाध्यमबाट पत्रकारलाई जबरजस्ती निष्कासन लगायत, श्रम अधिकारको उल्लंघन, लोककल्याणकारी विज्ञापन बापत पत्रपत्रिकाले प्राप्त गरिरहेको रकम प्रेस काउन्सिल नेपालको सिफारिस बमोजिम नगरेको तथा वर्तमान अवस्थामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षणप्रति सरकारले अनुदार व्यवहार देखाएको विरोधमा महासंघले आन्दोलन घोषणा गरेको विज्ञप्तिमा उल्लेख छ ।

जारि विज्ञप्तिमा २०८३ मंसिर २ गते प्रधानमन्त्रीलाई ध्यानाकर्षणपत्र बुझाउने, २०८३ मंसिर ५ गते संसदमा प्रतिनिधित्व गर्ने सबै पार्टी प्रमुखलाई ध्यानाकर्षणपत्र पठाउने, २०८३ मंसिर ५ र ६ गते शान्ति र लोकतन्त्रका लागि पेशागत सञ्जाल (पापड) सँग छलफल गर्ने, २०८३ मंसिर ७ गते सबै जिल्ला शाखाले सञ्चारसम्बद्ध संघसंगठनसँग छलफल गर्ने र २०८३ मंसिर ९ गते जिल्ला शाखाको आयोजनामा सबै जिल्ला प्रशासन कार्यालयमा 'पत्रकारलाई सामुहिक गिरफ्तार गर' भन्ने व्यानरसहित भेला हुने आन्दोलनका कार्यक्रम तय गरिएको जनाइएको छ । साथै माग पूरा नभए थप आन्दोलन तय गर्ने विज्ञप्तिमा भनिएको छ ।

स्कुटर अनियन्त्रित भई पुलमा ठोक्किँदा दुई किशोरको मृत्यु, दुई घाइते

दैनिक समाचारदाता
रौतहट, १ मंसिर ।

रौतहटको राजदेवी नगरपालिका १ मोतिपुरस्थित भुनखुनवाबाट मोतिपुरतर्फ जाँदै गरेको स्कुटर अनियन्त्रित भई पुलमा ठोक्किँदा दुई किशोरको मृत्यु भएको छ भने अन्य दुई जना घाइते भएका छन् ।

मधेश प्रदेश ०३-०४२ प १४२९ नम्बरको स्कुटर मंगलबार दिउँसो आफैँ अनियन्त्रित भई पुलमा ठोक्किएर दुर्घटना भएको हो ।

दुर्घटनामा यमुनामाई नगरपालिका ५ जमुआ टोल निवासी १८ वर्षीय अनिकेत पासवान र १६ वर्षीय प्रिन्स पासवानको मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुवै जनालाई उपचारका लागि प्रादेशिक अस्पताल गौर पुऱ्याइएकोमा चिकित्सकले मृत घोषणा गरेका थिए ।

सोही दुर्घटनामा रौतहट यमुनामाई नगरपालिका ५ भुनखुनवा निवासी १५ वर्षीय आकाश पासवान र भारतको सीतामढी जिल्ला भकुरहर ग्राम निवासी १७ वर्षीय सुनिल पासवान घाइते भएका छन् ।

घाइते आकाशको प्रादेशिक अस्पताल गौरमा उपचार भइरहेको छ भने टाउकोमा चोट लागेका सुनिललाई प्रारम्भिक उपचारपछि थप उपचारका लागि वीरगञ्ज पठाइएको छ । दुवै घाइतेको अवस्था मध्यम रहेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

यौनजन्य हिंसाको अपराध बिरुद्ध तीन दिने अभियान सुरु



दैनिक समाचारदाता
राजविराज, १ मंसिर ।

मधेसमा यौनजन्य हिंसाको अपराध बढ्न थालेपछि रोकथामका लागि तीन दिने अभियान सुरु गरिएको छ ।

अपराध अनुसन्धान विभागको ७१ औं स्थापना दिवसको अवसरमा मधेसमा बढ्दो यौनजन्य हिंसा तथा रोकथामका लागि तीन दिने सचेतनामूलक अभियान सुरु गरिएको हो ।

यौनजन्य हिंसा मुक्त समाज स्थापनाका लागि प्रहरीले यो अभियान थालनी गरेको हो । पछिल्लो समय मधेसका जिल्लाहरूमा यौनजन्य हिंसाका घटना घटिरहेका देखिएका छन् । यही घटनाहरूलाई कम गर्नका लागि प्रहरी प्रधान कार्यालय गरेको परिपत्र अनुसार मंगलबारदेखि तीन दिने अभियानको थालनी गरिएको हो ।

समाजका सबै वर्गको सहयोगबाटै यस्ता घटनाहरूमा कमी ल्याउन सकिने भएको हुँदा सबैसँग हातेमालो गरेर अभियान चलाइने छ ।

राजविराजस्थित शिवमन्दिरको प्राङ्गणबाट निस्केको ऱ्यालीमा जिल्ला समन्वय समितिका सभापति शिवनारायण साह, प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापा, जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी प्रमुख रुपक खडका, सशस्त्र प्रहरी प्रमुख, नागरिक समाजका अगुवा, संघसंस्थाका प्रतिनिधि तथा विद्यार्थीहरुको सहभागिता थियो ।

महिला हिंसा अन्त्य गरौ

- महिला माथि हुने सबै प्रकारको हिंसा कानुनी अपराध हो,
- कुनै प्रकारको हिंसा भएमा उजागर गरौं,
- महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
- सहयोगका लागि महिला हेल्पलाइन नं. ११४५ वा सम्बन्धित निकायमा सम्पर्क गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

हिंसामुक्त समाज आजको आवश्यकता

हिंसा कुनै पनि सभ्य समाजका लागि स्वीकार्य विषय होइन । समाजमा शान्ति, सद्भाव र अमनचयन कायम गर्न हिंसा न्यूनीकरण आजको प्रमुख आवश्यकता बनेको छ । पछिल्लो समय समाजमा विभिन्न स्वरूपका हिंसात्मक घटना बढ्दै जानु चिन्ताको विषय हो । घरेलु हिंसा, महिला हिंसा, बालबालिकामाथिको दुर्व्यवहार, जातीय विभेद, राजनीतिक हिंसा तथा सामाजिक द्वन्द्वले समाजलाई असुरक्षित बनाउँदै लगेको छ । हिंसाको मुख्य कारण अशिक्षा, गरिबी, बेरोजगारी, अन्धविश्वास, मदिरा तथा लागुऔषध दुर्व्यसन, सामाजिक विभेद र कानुनी व्यवस्थाप्रतिको बेवास्ता हुन् । विशेषगरी महिला तथा बालबालिका हिंसाबाट बढी प्रभावित भइरहेका छन् । कतिपय अवस्थामा घरभित्रै हुने हिंसाका घटना सामाजिक प्रतिष्ठा र डरका कारण बाहिर आउन सक्दैनन् ।

हिंसा न्यूनीकरणका लागि सबैभन्दा पहिले परिवार र समाजबाटै सकारात्मक सोचको विकास गर्न आवश्यक छ । बालबालिकालाई सानैदेखि अहिंसा, समानता, सहिष्णुता र आपसी सम्मानको शिक्षा दिनुपर्छ । विद्यालयमा नैतिक शिक्षा र सामाजिक चेतनामूलक कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्छ । महिला, बालबालिका तथा कमजोर वर्गको अधिकार सुनिश्चित गर्दै हिंसामा संलग्न व्यक्तिलाई कानुनी दायरामा ल्याउनुपर्छ । स्थानीय सरकार, प्रहरी प्रशासन, नागरिक समाज, सञ्चारमाध्यम तथा विभिन्न सामाजिक संघसंस्थाले हिंसा न्यूनीकरणका लागि समन्वयात्मक भूमिका निर्वाह गर्नुपर्छ । पीडितलाई न्याय, सुरक्षा र आवश्यक सहयोग उपलब्ध गराउनु राज्यको दायित्व हो । हिंसाका घटना लुकाउने होइन, उजागर गर्ने वातावरण निर्माण गर्नुपर्छ ।

तसर्थ हिंसामुक्त समाज निर्माण सरकारको मात्रै जिम्मेवारी होइन, प्रत्येक नागरिकको साझा दायित्व हो । एकअर्काप्रति सम्मान, सहिष्णुता र मानवताको भावना विकास गर्न सके हिंसाका घटनामा कमी ल्याउन सकिन्छ ।

सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

कंकालिनी मन्दिर : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

शम्भुनाथ मन्दिर : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

हनुमान मन्दिर : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

कोशी टप्पु : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित विभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

धारापानी क्षेत्र : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

लोहजारा दह : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

जनहीतका लागि : राजविराज दैनिक

नेपाल-चीन सम्बन्धः कूटनीतिबाट समृद्धितर्फको आयाम

डा कल्याणराज शर्मा

काठमाडौँ, १ मंसिर (रासस) ।

बदलिँदो विश्व व्यवस्था, क्षेत्रीय शक्ति सन्तुलनमा आएको परिवर्तन, प्रविधिको तीव्र विकास र आर्थिक प्रतिस्पर्धाको विस्तारले मंगलबार कूटनीतिक सम्बन्धको परम्परागत परिभाषालाई फराकिलो बनाएको छ । अब कूटनीति केवल राज्यहरूबीच औपचारिक संवाद गर्ने, राजनीतिक सद्भाव व्यक्त गर्ने र उच्चस्तरीय भ्रमण आदानप्रदान गर्ने माध्यम मात्र रहेन । यो राष्ट्रिय अर्थतन्त्रलाई गतिशील बनाउने, विदेशी लगानी आकर्षित गर्ने, निर्यात बजार विस्तार गर्ने, प्रविधि हस्तान्तरण सुनिश्चित गर्ने, रोजगारी सिर्जना गर्ने र नागरिकको जीवनस्तर सुधार गर्ने महत्वपूर्ण साधनसमेत बनेको छ ।

नेपाल र जनवादी गणतन्त्र चीनबीचको सम्बन्ध औपचारिक सम्बन्ध स्थापना भएको सात दशकभन्दा बढी समय बितिसक्दा नेपाल-चीन सम्बन्धले राजनीतिक संवाद, व्यापार, पूर्वाधार विकास, पर्यटन, शिक्षा, प्रविधि तथा जनस्तरको सम्पर्कलगायत अनेक क्षेत्रमा विस्तार हुने अवसर प्राप्त गरेको छ । भौगोलिक निकटता, ऐतिहासिक सम्पर्क, सांस्कृतिक आदानप्रदान, पारस्परिक सम्मान र शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तमा आधारित छ ।

यस सन्दर्भमा नेपाल-चीन सम्बन्धलाई नयाँ दृष्टिकोणबाट मूल्याङ्कन गर्नु आवश्यक छ । नेपाल-चीन सम्बन्धलाई परम्परागत कूटनीतिक सीमाभन्दा बाहिर विस्तार गरी आर्थिक समृद्धि, राष्ट्रिय क्षमता अभिवृद्धि र जनताको प्रत्यक्ष लाभसँग जोड्ने प्रयासमा निहित छ । स्पष्ट प्राथमिकता, व्यावहारिक कार्ययोजना, संस्थागत समन्वय, समयबद्ध कार्यान्वयन र परिणामको नियमित मूल्याङ्कनले मात्र यसलाई प्रभावकारी बनाउन सक्नेछन् । राजनीतिक विश्वास कायम राख्दै नेपालको राष्ट्रिय हितको प्रभावकारी प्रतिनिधित्व गर्ने, द्विपक्षीय सम्झौताको कार्यान्वयनमा जोड दिने, व्यापार घाटा न्यूनीकरण गर्ने, चिनियाँ लगानीलाई उत्पादनमूलक क्षेत्रमा आकर्षित गर्ने, पर्यटन प्रवर्द्धन गर्ने तथा पारवहन र कनेक्टिभिटी विस्तार गर्ने विषय यसका प्रमुख प्राथमिकता हुन् ।

राष्ट्रिय हित र सन्तुलित परराष्ट्र नीतिः कूटनीतिको आधार

नेपालको संविधान, संयुक्त राष्ट्रसङ्घको बडापत्र, पञ्चशीलका सिद्धान्त, असंलग्न परराष्ट्र नीति, अन्तरराष्ट्रिय कानुन तथा पारस्परिक सम्मान नेपालको कूटनीतिक व्यवहारका प्रमुख आधार हुन् । राष्ट्रिय सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वतन्त्र निर्णय क्षमता र राष्ट्रिय स्वाभिमानको रक्षा गर्दै आर्थिक विकासका अवसर उपयोग गर्नु नेपालको परराष्ट्र नीतिको मूल उद्देश्य हुनुपर्छ । नेपालको भूराजनीतिक अवस्थिति विशिष्ट छ । उत्तरमा चीन र पूर्व, पश्चिम तथा दक्षिणतर्फ भारतसँग जोडिएको नेपालले आफ्नो भौगोलिक अवस्थिति, आर्थिक आवश्यकता र राष्ट्रिय स्वार्थलाई ध्यानमा राखेर परराष्ट्र नीति सञ्चालन गर्नुपर्छ ।

चीनसँगको सम्बन्धमा नेपालको एक-चीन नीतिप्रतिको प्रतिबद्धता तथा नेपाली भूमि कुनै पनि छिमेकीको हितविरुद्ध प्रयोग हुन नदिने घोषित नीतिलाई स्पष्ट रूपमा प्रस्तुत गर्नु आवश्यक छ । त्यसैगरी, नेपालको स्वतन्त्र परराष्ट्र नीतिको मर्म, राष्ट्रिय हित र पारस्परिक सम्मानलाई सबै द्विपक्षीय सम्बन्धमा समान रूपमा कायम राख्नुपर्छ । मित्रराष्ट्रसँगको सम्बन्ध सुदृढ बनाउनु र राष्ट्रिय निर्णयमा स्वायत्तता कायम राख्नु एकअर्काका विरोधी विषय होइनन् । बरु, स्पष्ट राष्ट्रिय प्राथमिकता र विश्वसनीय कूटनीतिक व्यवहारले नै सम्बन्धलाई दिगो बनाउँछ । नेपालले चीनको आर्थिक विकास, औद्योगिक क्षमता र प्रविधिगत प्रगतिबाट लाभ लिन खोज्नु स्वभाविक हो तर कुनै पनि आर्थिक वा रणनीतिक सहकार्यको मूल्याङ्कन राष्ट्रिय आवश्यकताका आधारमा हुनुपर्छ ।

राजनीतिक संवाद र सम्झौताको कार्यान्वयन

नेपाल र चीनबीच विभिन्न समयमा भएका सम्झौता तथा सहमतिहरूले द्विपक्षीय सहकार्यको आधार तयार गरेका छन् तर सम्झौतामा हस्ताक्षर गर्नु र त्यसबाट वास्तविक लाभ प्राप्त गर्नु फरक कुरा हुन् । कुनै पनि सम्झौताको सफलता कार्यान्वयनको गति, उपलब्ध स्रोत, संस्थागत क्षमता र समयबद्ध परिणाममा निर्भर हुन्छ । यसैले नेपाल-चीन सम्बन्धमा आगामी दिनको एउटा प्रमुख प्राथमिकता विगतका सम्झौता तथा प्रतिबद्धताको व्यवस्थित समीक्षा हुनुपर्छ । कूटनीतिक सफलताका लागि विश्वसनीय सूचना, विवेकपूर्ण विश्लेषण र प्रभावकारी सञ्चार अनिवार्य हुन्छन् । नेपाल-चीनबीच विगतमा भएका सहमति सम्झौताहरूको कार्यान्वयन प्रभावकारी रुपमा हुन सकेको छैन । त्यसैले तत्काल उपलब्धि हासिल गर्न सकिने काम, मध्यमकालीन सुधार र दीर्घकालीन रणनीतिक परियोजनाबीच स्पष्ट प्राथमिकता निर्धारण गर्न आवश्यक छ ।

उच्चस्तरीय भ्रमणको प्रभावकारिता पनि यही दृष्टिकोणबाट मूल्याङ्कन गर्नुपर्छ । प्रधानमन्त्री, मन्त्री वा अन्य उच्च अधिकारीहरूको भ्रमण राजनीतिक सम्बन्ध सुदृढ गर्ने महत्वपूर्ण अवसर हो तर भ्रमणको वास्तविक उपलब्धि त्यसमा व्यक्त प्रतिबद्धता कार्यान्वयनमा आएपछि मात्र देखिन्छ । हरेक महत्वपूर्ण सहमतिसँग जिम्मेवार निकाय, कार्यान्वयनको समयसीमा, आवश्यक स्रोत र प्रगति मापन गर्ने सूचक जोडिनुपर्छ । यसबाट उच्चस्तरीय राजनीतिक समझदारीलाई ठोस आर्थिक तथा सामाजिक उपलब्धिमा रूपान्तरण गर्न सहज हुन्छ ।

असन्तुलित व्यापारमा लुकेको अवसर

नेपाल-चीन आर्थिक सम्बन्धको सबैभन्दा स्पष्ट चुनौती द्विपक्षीय व्यापारमा रहेको असन्तुलन हो । नेपालले चीनबाट करिब दुई अर्ब ३३ करोड अमेरिकी डलर बराबरको वस्तु आयात गर्दा चीनतर्फको निर्यात करिब तीन करोड ९० लाख अमेरिकी डलरमा सीमित रहेको छ । यस तथ्याङ्कले नेपालको निर्यात क्षमता र चिनियाँ बजारमा पहुँच विस्तार गर्नुपर्ने आवश्यकतालाई स्पष्ट रूपमा देखाउँछ ।

नेपालले चीनबाट दूरसञ्चार उपकरण, मेसिनरी, विद्युतीय सामग्री, कपडा, कम्प्युटर, स्याउ, रासायनिक मल, जुत्ता तथा चप्पललगायत विभिन्न वस्तु आयात गर्दै आएको छ । यीमध्ये धेरै वस्तु नेपालको उत्पादन र पूर्वाधार विकासका लागि आवश्यक छन् । त्यसैले व्यापार घाटा घटाउने नाममा आयातलाई पूर्ण रूपमा प्रतिस्थापन गर्ने सोच व्यावहारिक हुँदैन । बरु, नेपालले प्रतिस्पर्धात्मक लाभ हासिल गर्न सक्ने वस्तु तथा सेवाको उत्पादन र निर्यात बढाउनु उपयुक्त रणनीति हो । नेपाली गलैँचा, पश्मिना, हस्तकला, चिया, कफी, तयारी पोसाक, जडीबुटीजन्य उत्पादन, प्रशोधित कृषि उपज र मौलिक नेपाली उत्पादनमा चीनको बजारमा प्रवेश गर्ने सम्भावना खोज्न सकिन्छ ।

चीनको विशाल बजारमा प्रवेश गर्न सक्नु मात्र पर्याप्त छैन, त्यहाँ टिकिरहन सक्ने प्रतिस्पर्धात्मक क्षमता पनि चाहिन्छ । नेपाली उत्पादनले चिनियाँ उपभोक्ताको आवश्यकता, मूल्यसम्बन्धी अपेक्षा र गुणस्तरका मापदण्ड पूरा गर्नुपर्छ । नेपालमै गुणस्तर परीक्षण, प्रमाणीकरण र प्राविधिक परीक्षणका सुविधा विस्तार भएमा निर्यातकर्ताको लागत घट्न सक्छ र उत्पादनप्रतिको विश्वास बढ्न सक्छ । नेपाली उत्पादनको चिनियाँ बजारमा प्रवर्द्धन गर्न व्यापार मेला, व्यावसायिक प्रदर्शनी, डिजिटल व्यापारिक मञ्च, व्यवसायीबीच प्रत्यक्ष सम्पर्क र चिनियाँ भाषामा तयार गरिएका व्यावसायिक सामग्री उपयोगी हुन सक्छन् ।

उत्पादन र प्रविधिमा चिनियाँ लगानीको खोजी

चीन विश्व अर्थतन्त्रको प्रमुख शक्ति हो । औद्योगिक उत्पादन, पूर्वाधार निर्माण, ऊर्जा, प्रविधि र अन्तरराष्ट्रियलगानीमा चीनको महत्त्वपूर्ण भूमिका छ । नेपालको विकास आवश्यकताका दृष्टिले चिनियाँ लगानीलाई जलविद्युत, पर्यटन, सिमेन्ट, कृषि प्रशोधन, औषधि तथा स्वास्थ्य सेवा, सूचना प्रविधि, औद्योगिक उत्पादन र पूर्वाधार विकासजस्ता क्षेत्रमा आकर्षित गर्न सकिन्छ । नेपालले लगानी आकर्षित गर्दा परियोजनाले सिर्जना गर्ने रोजगारी, स्थानीय उत्पादन, निर्यात सम्भावना, प्रविधि हस्तान्तरण, सीप विकास र वातावरणीय प्रभावलाई प्राथमिकतामा राख्नुपर्छ । विदेशी पूँजीसँगै स्थानीय श्रमिकको क्षमता अभिवृद्धि, नेपाली उद्यमको सहभागिता र उत्पादन प्रणालीको आधुनिकीकरण सुनिश्चित गर्न सकिएमा लगानीको लाभ दीर्घकालीन हुन्छ ।

नेपालमा लगानी गर्दा प्रशासनिक प्रक्रियाको अनिश्चितता, पूर्वाधारको अवस्था, नीतिगत स्थिरता र बजारको आकारजस्ता विषयले प्रभाव पार्न सक्छन् । यी समस्याको समाधानका लागि नेपाल सरकारका सम्बन्धित निकायसँग समन्वय आवश्यक छ । लगानी प्रवर्द्धनमा पारदर्शिता, निष्पक्षता र स्वार्थको द्वन्द्वबाट मुक्त रहने प्रतिबद्धता पनि अनिवार्य छ । पारदर्शी, अनुमानयोग्य र उत्तरदायी वातावरणले नै गुणस्तरीय लगानीलाई प्रोत्साहित गर्छ ।

पारवहन र कनेक्टिभिटीः आर्थिक अवसरमा बदल्ने प्रयास

नेपालको भूपरिवेष्टित अवस्थिति अन्तरराष्ट्रिय व्यापारका लागि संरचनागत चुनौती हो । समुद्रसम्म प्रत्यक्ष पहुँच नहुनु, सीमित पारवहन विकल्प, उच्च ढुवानी लागत र सीमा क्षेत्रमा उत्पन्न हुने अवरोधले नेपाली उत्पादनको प्रतिस्पर्धात्मक क्षमता प्रभावित गर्न सक्छन् । त्यसैले उत्तरी सीमाबाट हुने व्यापार तथा पारवहनलाई प्रभावकारी बनाउनु नेपालको दीर्घकालीन आर्थिक हितसँग सम्बन्धित विषय हो ।

नेपाल-चीन पारवहन सम्झौता र त्यससँग सम्बन्धित प्रोटोकलले नेपाललाई चिनियाँ समुद्री तथा स्थल बन्दरगाह प्रयोग गर्ने अवसर प्रदान गरेका छन् । तियानजिन, शेनचेन, लियानयुङ्गाङ र झानजियाङलगायत समुद्री बन्दरगाह तथा लान्झाउ, ल्हासा र सिगात्सेलगायत स्थल बन्दरगाहको उपयोगमा जोड दिइएको छयस । नेपालबाट चिनियाँ बन्दरगाह हुँदै तेस्रो मुलुकमा सामान पठाउँदा लाग्ने समय, लागत, भन्सार प्रक्रिया, ट्रान्सिसपमेन्ट खर्च, बीमा, मालसामानको सुरक्षा र ढुवानीको विश्वसनीयताको विस्तृत अध्ययन आवश्यक हुन्छ । सीमा नाकाको प्रभावकारिता पनि कनेक्टिभिटीको महत्वपूर्ण पक्ष हो । केरुङ-काठमाडौँ रेलमार्गको सम्भावना नेपालको दीर्घकालीन पूर्वाधार बहसमा महत्वपूर्ण विषय हो । रेल सम्पर्क विस्तार हुन सकेमा यात्रु तथा मालसामानको आवागमनमा नयाँ सम्भावना खुल्न सक्छ । पर्याप्त अध्ययन, पारदर्शी वित्तीय व्यवस्था र राष्ट्रिय हितअनुकूल कार्यान्वयनका आधार सुनिश्चित भएपछि मात्र परियोजनालाई चरणबद्ध रूपमा अघि बढाउनु उचित हुन्छ ।

पर्यटन कूटनीतिको अवसर

पर्यटन नेपालको अर्थतन्त्र, रोजगारी र विदेशी मुद्रा आर्जनको महत्वपूर्ण आधार हो । हिमाल, प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा, धार्मिक स्थल, साहसिक गतिविधि र विविध जीवनशैलीले नेपाललाई अन्तरराष्ट्रिय पर्यटकका लागि आकर्षक गन्तव्य बनाएका छन् । चीनको विशाल जनसङ्ख्या, विस्तार भइरहेको मध्यमवर्ग र अन्तरराष्ट्रिय भ्रमणमा रुचि राख्ने पर्यटकको सम्भावनाले नेपालको पर्यटन क्षेत्रमा महत्वपूर्ण अवसर सिर्जना गर्न सक्छ । सन् २०२४ मा नेपाल आएका चिनियाँ पर्यटकको सङ्ख्या एक लाख एक हजार ८७४ थियो, जबकि सन् २०१९ मा यो सङ्ख्या एक लाख ६९ हजार ५४३ पुगेको थियो । यसले चिनियाँ पर्यटकको बजारमा पुनः विस्तार गर्न सकिने सम्भावना देखाउँछ ।

चिनियाँ पर्यटक आकर्षित गर्न नेपालको पर्यटन प्रवर्द्धनलाई लक्षित, आधुनिक र बजारमैत्री बनाउनुपर्छ । चिनियाँ भाषामा

बाँकी तीन पृष्ठमा

बलिङमा नेपाली खेलाडीको दबदबा, ब्याटिङमा विदेशी अगाडि

काठमाडौँ, १ मंसिर (रासस)।

तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटको लिग चरणमा नेपाली खेलाडीले बलिङतर्फ प्रभावशाली प्रदर्शन गरेका छन्।

सर्वाधिक विकेट लिने खेलाडीको सूचीमा नेपाली बलरको उपस्थिति बलियो देखिँदा ब्याटिङतर्फ विदेशी खेलाडीले अग्रता बनाएका छन्। लिग चरणको प्रदर्शनलाई हेर्दा नेपाली बलरले विदेशी खेलाडीसँग प्रतिस्पर्धात्मक क्षमता प्रदर्शन गरेका छन्। सर्वाधिक विकेट लिने खेलाडीको सूचीमा संयुक्त रूपमा शीर्ष स्थानमा रहेका चार खेलाडीमध्ये तीन नेपाली छन्। ब्याटिङतर्फ भने सर्वाधिक रन बनाउने खेलाडीको सूचीमा विदेशी ब्याटर पहिलो स्थानमा रहँदा नेपाली खेलाडी दोस्रो र तेस्रो स्थानमा छन्।

बलिङमा नेपाली खेलाडी अगाडि

एनपिएलको लिग चरणमा सर्वाधिक विकेट लिने खेलाडीको सूचीमा चितवन राइनोजका कमलसिंह ऐरी र रिजन ढकाल, जनकपुर बोल्ट्सका राहुल यादव र काठमाण्डु गोर्खाजका जहानदाद खान संयुक्त रूपमा शीर्ष स्थानमा छन्। उनीहरूले समान १२ विकेट लिएका छन्।

चितवनमा आबद्ध कमल ऐरीले छ खेलको पाँच इनिङमा पाँच दशमलव ७२ को इकोनोमी रेटमा १२ विकेट लिएका छन्। यस सिजनमा उनको उत्कृष्ट बलिङ २६ रन दिएर चार विकेट लिनु हो। यस्तै, चितवनमै आबद्ध रिजन ढकालले छ खेलमा १२ विकेट लिएका हुन्। यस संस्करणमा उनको उत्कृष्ट बलिङ प्रदर्शन २४ रन दिएर चार विकेट लिनु हो।

जनकपुरका राहुल यादवले सात खेलमा १२ विकेट लिएका हुन्। उनको उत्कृष्ट बलिङ प्रदर्शन ३१ रन दिएर चार विकेट लिनु रह्यो। यस्तै, काठमाण्डुमा आबद्ध पाकिस्तानका तीव्र गतिका बलर जहानदाद खानले सात खेलमा १२ विकेट हात पारे। उनले उत्कृष्ट प्रदर्शन गर्दै २३ रन दिएर चार विकेट लिएका थिए।

ब्याटिङमा विदेशी खेलाडीको अग्रता

बलिङमा नेपाली खेलाडीको प्रभाव देखिए पनि ब्याटिङतर्फ भने विदेशी खेलाडीले अग्रता बनाएका छन्। लिग चरण सकिँदा सर्वाधिक रन बनाउने खेलाडीको सूचीमा पोखरा एभेन्जर्समा आबद्ध क्यानडाका ब्याटर युवराज सामरा शीर्ष स्थानमा छन्। उनले चार खेलमा २९४ रन बनाएका छन्।

सामराले चार इनिङमा ब्याटिङ गर्दै ७३ दशमलव ५० को औसत र १७९ दशमलव २६ को स्ट्राइक रेट कायम गरेका छन्। उनको व्यक्तिगत उच्च स्कोर १०२ रन हो। युवराजले प्रतियोगितामा एक शतक र दुई अर्धशतकीय पारी खेलेका छन्।

नेपाली ब्याटरमा यस एनपिएलमा विराटनगर किङ्समा आबद्ध लोकेश बम सर्वाधिक सफल देखिएका छन्। उनी समग्र सूचीमा दोस्रो स्थानमा छन्। लोकेशले सात खेलमा २४२ रन बनाएका छन्। उनको उच्च स्कोर ८७ रन हो।

लोकेशले यसपालि दुई अर्धशतकीय पारी खेलेका छन्। ३४ दशमलव ५७ को औसतमा रन बनाएका उनको स्ट्राइक रेट १४२ दशमलव ३५ रहेको छ।

यस्तै, पोखरा एभेन्जर्सका कुशल भुर्तेल २३५ रनसहित तेस्रो स्थानमा छन्। उनले सात खेलमा ३३ दशमलव ५७ को औसत र १४८ दशमलव ७३ को स्ट्राइक रेटमा रन बनाएका छन्। उनको व्यक्तिगत उच्च स्कोर ९९ रन हो। शतकको नजिक पुगेर चुकेका कुशलले प्रतियोगितामा दुई अर्धशतक पारी खेलेका छन्।

यस्तै, काठमाण्डु गोर्खाजमा आबद्ध राशिद खानले सात खेलमा १८६ रन बनाएका छन्। उनको औसत ३७ दशमलव २० र स्ट्राइक रेट १४१ दशमलव ९८ रहेको छ। राशिदले यस संस्करणको एनपिएलमा दुई अर्धशतक पारी खेलेका छन्।

यस्तै, चितवन राइनोजमा आबद्ध इङ्ल्याण्डका रवि बोपाराले पाँच खेलमा १८४ रन जोडेका छन्। कूल ४६ को औ(सतमा ब्याटिङ गरेका उनले एक अर्धशतकीय पारी खेलेका छन्। रविको उच्च स्कोर ५५ रन रहेको छ।

शतकको प्रतीक्षामा नेपाली ब्याटर

लिग चरणको ब्याटिङ तथ्याङ्कमा विदेशी र नेपाली खेलाडीबीचको अन्तर शतकको मामिलामा पनि देखिएको छ। सर्वाधिक रनकर्ताको सूचीमा शीर्ष स्थानमा रहेका युवराज सामराले शतक प्रहार गर्दा नेपाली ब्याटर भने उक्त उपलब्धिबाट टाढा छन्।

लोकेश बम ८७ रन र कुशल भुर्तेल ९९ रनसम्म पुगेर पनि शतक बनाउन असफल भएका छन्। व्यक्तिगत रूपमा राम्रो सुरुआत भए पनि त्यसलाई ठूलो स्कोरमा परिणत गर्नुपर्ने चुनौती नेपाली ब्याटरका अगाडि देखिएको छ।

नेपाल-चीन ...

पर्यटन सामग्री तयार गर्ने, सामाजिक सञ्जाल तथा डिजिटल माध्यम प्रयोग गर्ने, अनलाइन बुकिङलाई सहज बनाउने र चिनियाँ उपभोक्ताको रुचिअनुसार पर्यटन प्याकेज विकास गर्ने काम महत्वपूर्ण हुन्छ। नेपाललाई हिमाल आरोहण र पदयात्राको गन्तव्यका रूपमा मात्र प्रस्तुत नगरी सांस्कृतिक पर्यटन, धार्मिक यात्रा, बौद्ध सम्पदा, साहसिक खेल, प्रकृतिमा आधारित भ्रमण, स्वास्थ्य तथा विश्राम पर्यटन र पारिवारिक बिदाका कार्यक्रमलाई पनि प्रवद्धन गर्न सकिन्छ। यसबाट पर्यटकको बसाइ अवधि र खर्च दुवै बढाउने सम्भावना रहन्छ। बेइजिङ र काठमाडौँबीच प्रत्यक्ष हवाई सम्पर्कले पर्यटकको आवागमन सहज बनाउनुका साथै व्यापारिक प्रतिनिधिमण्डल, विद्यार्थी, अनुसन्धानकर्ता र व्यवसायीको यात्रालाई पनि प्रोत्साहित गर्न सक्छ।

विपद् कूटनीति र जलवायु न्याय

नेपाल र चीन दुवै हिमाली भूगोल, जलवायु परिवर्तन र प्राकृतिक विपद्का जोखिमसँग जोडिएका छन्। नेपालमा बाढी, पहिरो, भूकम्प, हिमताल विस्फोट र हिमाली वातावरणमा हुने परिवर्तनले जनजीवन, कृषि, पर्यटन तथा विकास पूर्वाधारमा गम्भीर प्रभाव पार्न सक्छन्। सीमापार नदी प्रणालीमा हुने विपद्को असर कुनै एउटा देशमा सीमित नहुन सक्ने भएकाले दुई देशबीच वैज्ञानिक सूचना आदानप्रदान र समन्वय आवश्यक हुन्छ। भोटेकोशी क्षेत्रमा देखिएको विपद्को चुनौतीले पूर्वसूचना प्रणाली, भूगर्भीय अध्ययन र सीमापार सहयोगको महत्वलाई उजागर गरेका छन्।

यस सन्दर्भमा विपद् कूटनीतिलाई नेपाल-चीन सम्बन्धको प्राथमिक क्षेत्रका रूपमा विकास गर्न सकिन्छ। चीनका आपत्कालीन व्यवस्थापन निकाय, विश्वविद्यालय, अनुसन्धान केन्द्र र प्राविधिक संस्थासँग सहकार्य गरी बाढी तथा पहिरोको जोखिम मूल्याङ्कन, नदी प्रणालीको निगरानी, भूगर्भीय अध्ययन र पूर्वचेतावनी प्रणाली विकास गर्न सकिन्छ। यसका लागि स्थानीय सरकार, सुरक्षा निकाय, वैज्ञानिक संस्था र समुदायबीच समन्वय हुनुपर्छ। नेपालले चीनसँगको द्विपक्षीय संवाद र बहुपक्षीय मञ्च दुवैमा हिमाली पारिस्थितिक प्रणालीको संरक्षण, जलवायु अनुकूलन, प्रविधि हस्तान्तरण र जलवायु वित्तसम्बन्धी सहयोगलाई प्राथमिकतामा राख्न सक्छ।

दीर्घकालीन समृद्धिको आधार: शिक्षा, सीप र प्रविधि

आर्थिक विकासका लागि पूँजी, पूर्वाधार र बजार जति आवश्यक छन्, दक्ष जनशक्ति पनि त्यत्तिकै आवश्यक छ। उत्पादन प्रणालीको आधुनिकीकरण, औद्योगिक प्रतिस्पर्धा, प्राविधिक नवप्रवर्तन र रोजगारी विस्तारका लागि शिक्षालाई राष्ट्रिय आवश्यकतासँग जोड्नुपर्छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र चिनियाँ शैक्षिक तथा प्राविधिक संस्थाबीच इन्जिनियरिङ, ऊर्जा, यातायात, कृषि, वन, विपद् विज्ञान, स्वास्थ्य, पर्यटन, डिजिटल प्रविधि र चिनियाँ भाषाजस्ता क्षेत्रमा संयुक्त तालिम, विद्यार्थी आदानप्रदान र छात्रवृत्तिका कार्यक्रम विकासमा सहकार्य विस्तार गर्न सकिन्छ।

डिजिटल प्रविधि र सूचना प्रविधिको क्षेत्रमा सहकार्य विस्तार गर्दा नेपाली युवाका लागि नयाँ रोजगारी र उद्यमशीलताका अवसर सिर्जना गर्न सकिन्छ। तर, यसका लागि डिजिटल सीप, साइबर सुरक्षा, तथ्याङ्क संरक्षण र विश्वसनीय नियामकीय वातावरणको विकास आवश्यक हुन्छ। शिक्षा तथा सीप विकासमा लगानीको प्रतिफल दीर्घकालीन हुन्छ। त्यसैले छात्रवृत्ति र तालिम कार्यक्रमको मूल्याङ्कन सहभागीको सङ्ख्याबाट मात्र नगरी उनीहरूले हासिल गरेको सीप, रोजगारीमा भएको प्रवेश र नेपाली उद्योगमा भएको उपयोगका आधारमा गर्नुपर्छ।

निष्कर्ष

नेपाल-चीन सम्बन्ध नेपालको परराष्ट्र नीतिको महत्वपूर्ण आयाम हो। यस सम्बन्धको ऐतिहासिक गहिराइ, भौगोलिक निकटता र आर्थिक सम्भावनाले भविष्यमा सहकार्य विस्तार गर्ने प्रशस्त अवसर प्रदान गर्छन्। ती अवसरलाई उपयोग गर्न स्पष्ट राष्ट्रिय प्राथमिकता, प्रभावकारी कूटनीतिक प्रतिनिधित्व, व्यावसायिक संस्थागत क्षमता र परिणाममुखी कार्यान्वयन आवश्यक हुन्छ। व्यापार असन्तुलन न्यूनीकरण, नेपाली निर्यातको विस्तार, उत्पादनमूलक लगानी, पर्यटन प्रवद्धन, पारवहन तथा कनेक्टिभिटी, विपद् व्यवस्थापन, शिक्षा र प्राविधिक सीप विकास यसका प्रमुख पक्ष हुन्। यी विषय नेपालको आर्थिक रूपान्तरण र नागरिकको जीवनस्तर सुधारसँग प्रत्यक्ष रूपमा सम्बन्धित छन्।

नेपालले चीनको विशाल अर्थतन्त्र र प्राविधिक क्षमताबाट लाभ लिन खोज्दा राष्ट्रिय सार्वभौमसत्ता, स्वतन्त्र निर्णय क्षमता, आर्थिक स्थायित्व र सन्तुलित परराष्ट्र नीतिलाई सर्वोपरि राख्नुपर्छ। कुनै पनि सहकार्य पारस्परिक लाभ, पारदर्शिता, आर्थिक व्यवहार्यता, कानुनी उत्तरदायित्व र नेपालको दीर्घकालीन विकास लक्ष्य अनुकूल हुनुपर्छ। अन्ततः नेपाल-चीन सम्बन्धको आगामी दिशा राजनीतिक विश्वासलाई आर्थिक अवसरमा, कूटनीतिक संवादलाई विकासको परिणाममा र अन्तरराष्ट्रिय सहकार्यलाई नेपाली जनताको समृद्धिमा रूपान्तरण गर्ने हुनुपर्छ। राष्ट्रिय स्वाभिमान, पारस्परिक सम्मान र सन्तुलित परराष्ट्र नीतिमा आधारित परिणाममुखी कूटनीतिले मात्र यस सम्बन्धलाई थप विश्वसनीय, दिगो र जनमुखी बनाउन सक्छ। नेपाल-चीन सम्बन्ध नयाँ आयाममा कूटनीति औपचारिक सम्बन्धको माध्यम मात्र नभई राष्ट्रिय समृद्धिको प्रभावकारी साधन बन्नेछ। राजनीतिक विश्वासको जगमा आर्थिक सहकार्य, राष्ट्रिय स्वाभिमानको आधारमा सन्तुलित कूटनीति र जनताको हितमा केन्द्रित विकास– यही नै नेपालको चीन नीतिको भावी मार्गचित्र हुनुपर्छ। (प्रस्तुत विचार चीनका लागि नेपालका नवनियुक्त राजदूत डा. शर्मासँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गर्नुभएको कुराकानीमा आधारित छ)

विश्व समाचार

इरानले अमेरिकामा 'डर्टी बम' हमलाको योजना बनाएको आशंका

वासिङ्टन, १ मङ्सिर (रासस/एएनआई)।

इरानले अमेरिकी राजधानी वासिङ्टन डिसीमा राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनका उच्च अधिकारीलाई लक्षित गरी 'डर्टी बम' वा रासायनिक हतियार प्रयोग गर्ने सम्भावित योजना बनाएको अमेरिकी गुप्तचरको सङ्केत रहेको सिएनएनले जनाएको छ। गुप्तचर सूचनामा तत्काल आक्रमणको तयारी देखिएको छैन। तर आक्रमण गर्ने निर्णय भए प्रयोग गर्न सकिने विकल्प, सम्भावित स्थान र लक्ष्य पहिचान गरिएको बताइएको छ। योजनालाई कार्यान्वयन गर्ने जनशक्ति इरानसँग छ कि छैन भन्नेमा भने अमेरिकी अधिकारीहरूबीच प्रश्न रहेको छ। अमेरिकाभित्र बम बनाउन प्रयोग हुने आणविक वा रासायनिक पदार्थ लुकाइएको हुन सक्ने इरानी दाबीसम्बन्धी सूचना पनि गुप्तचरले प्राप्त गरेको स्रोतले जनाएको छ। यस्तो पदार्थ परम्परागत विस्फोटकसँग मिसाएर 'डर्टी बम' बनाउन सकिने बताइएको छ। यसले ठूलो भय फैलाउनुका साथै मानिसलाई बिरामी पार्न र प्रभावित क्षेत्रलाई बसोबासका लागि अनुपयुक्त बनाउन सक्छ।

यसैबीच, अमेरिकी विदेशमन्त्री मार्को रुबियोले बहराइनका विदेशमन्त्री अब्दुल्लातिफ बिन राशिद अल जयानीसँग कुराकानी गर्दै बहराइनमाथि इरानको आक्रमणको निन्दा गर्नुभएको छ। उहाँले खाडी क्षेत्रका साझेदारहरूको सुरक्षाप्रति अमेरिकी प्रतिबद्धता दोहोऱ्याउनुभएको अमेरिकी विदेश मन्त्रालयले जनाएको छ। उता, उपराष्ट्रपति जेडी भान्सले इरानसँगको द्वन्द्व लामो युद्धमा परिणत नहुने बताउनुभएको छ। फक्स न्युजसँग कुरा गर्दै उहाँले इरानको आणविक कार्यक्रम अमेरिकाका लागि खतरा भए पनि मध्यपूर्वमा लामो सैन्य प्रतिबद्धता कायम राख्ने अमेरिकी नीति नरहेको स्पष्ट पार्नुभयो। राष्ट्रपति ट्रम्पले अनुकूल परिणामसहित द्वन्द्व अन्त्य गर्ने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो।

एआई चिप्समा पहुँच सुनिश्चित गर्न सिङ्गापुरको पहल

सिङ्गापुर, १ मङ्सिर (रासस/एएफपी)।

चिनियाँ कम्पनीले तेस्रो मुलुकका डाटा सेन्टरमार्फत अमेरिकी उन्नत कृत्रिम बौद्धिकता (एआई) चिप्स प्रयोग गर्न नपाऊन् भन्ने उद्देश्यले अमेरिकाले नयाँ निर्यात प्रतिबन्ध लगाएपछि सिङ्गापुरले आफ्ना कम्पनीका लागि त्यस्ता प्रविधिमा विश्वसनीय पहुँच सुनिश्चित गर्न पहल थालेको छ। सिङ्गापुरका सम्बन्धित मन्त्रालयले नयाँ प्रतिबन्धको अध्ययन भइरहेको र प्रभावित कम्पनीसँग छलफल गर्नुका साथै अमेरिकी अधिकारीसँग पनि परामर्श भइरहेको जनाएको छ। नयाँ अमेरिकी नियमअनुसार चीन, मकाउ तथा अमेरिकी हतियार प्रतिबन्ध लागेका मुलुकमा मुख्यालय रहेका कम्पनीलाई विश्वका कुनै पनि डाटा सेन्टरबाट उन्नत चिप्समा आधारित ठूलो कम्प्युटिङ क्षमता उपलब्ध गराउन अमेरिकी अनुमति आवश्यक पर्नेछ। यसअघि चिनियाँ कम्पनीले दक्षिणपूर्वी एसियाका डाटा सेन्टरबाट प्रतिबन्धित अमेरिकी हार्डवेयरमा आधारित कम्प्युटिङ क्षमता भाडामा लिन सक्ने अवस्था थियो। सिङ्गापुर, मलेसिया, थाइल्यान्ड, इन्डोनेसिया र ब्राजिलमा उन्नत चिप्स पठाउनसमेत अब अमेरिकी इजाजतपत्र चाहिनेछ।

सिङ्गापुरमा मुख्यालय रहेको क्लाउड कम्प्युटिङ कम्पनी मेगास्पिडले अमेरिकी निर्यात नियन्त्रण छल्न चिनियाँ कम्पनीलाई सहयोग गरेको आशङ्काबीच नयाँ प्रतिबन्ध आएको हो। यस विवादमा एनभिडियाका प्रमुख जेन्सेन हुआङको नामसमेत जोडिएको छ। मेगास्पिडले भने एलिस हुआङले एक वर्षअघि नै कम्पनी छाडिसकेको जनाएको छ। सिङ्गापुर सरकारले आफ्नो अन्तर्राष्ट्रिय प्रतिष्ठालाई गम्भीरतापूर्वक लिने उल्लेख गर्दै अन्य देशका कानून छल्न आफ्नो क्षेत्र प्रयोग गर्ने कम्पनीलाई छुट नदिने बताएको छ। साथै, वैध कम्पनीका लागि उन्नत सेमिकन्डक्टर र कम्प्युटिङ प्रविधिमा पहुँच कायम राख्दै कानुन उल्लङ्घन गर्नेमाथि कारबाही गर्ने जनाएको छ।

कोस्टारिकामा पत्रकारको गोली हानी हत्या

सान जोसे, १ मङ्सिर (रासस/एएफपी)।

लागुऔषध तस्कर र राजनीतिज्ञबीचको कथित सम्बन्ध सार्वजनिक गर्दै आएका कोस्टारिकाका स्वतन्त्र पत्रकार क्यामिलो रोड्रिगेजको राजधानी सान जोसेनजिकै गोली हानी हत्या गरिएको छ। प्रहरी प्रमुख राउल रिभेराका अनुसार सोमबार सान्टो डोमिङ्गो डे हेरेडिया सहरमा गाडी चलाइरहेका ५० वर्षीय रोड्रिगेजमाथि मोटरसाइकलमा आएका दुई व्यक्तिले गोली प्रहार गरेका थिए। उहाँले यसअघि लागुऔषध तस्कर समूहबाट ज्यान मार्ने धम्की पाएको बताउनुभएको थियो।

रोड्रिगेजले लागुऔषध कारोबारी र राजनीतिक तथा व्यावसायिक क्षेत्रका प्रभावशाली व्यक्तिबीच सम्बन्ध रहेको दाबी गर्दै आउनुभएको थियो। राष्ट्रपति लौरा फर्नान्डिजले हत्याको निन्दा गर्दै यसलाई अभिव्यक्ति स्वतन्त्रतामाथिको आघात बताउनुभएको छ। गत वर्ष आफ्नो घर तस्करको पैसाबाट बनेको आरोप लगाएपछि उहाँले रोड्रिगेजविरुद्ध मानहानिको मुद्दा दायर गर्नुभएको थियो। पत्रकार सङ्घले घटनाको शीघ्र अनुसन्धान गर्न माग गरेको छ। पछिल्ला वर्षमा कोस्टारिका लागुऔषध तस्करीको प्रमुख केन्द्र बन्दै गएको छ। महान्यायाधिवक्ता कार्लो डियाजले हत्याको अनुसन्धान सुरु भएको जनाउँदै रोड्रिगेजले साक्षी संरक्षण कार्यक्रममा सहभागी हुन अस्वीकार गर्नुभएको जानकारी दिनुभएको छ।

सडकछेउको माटो उत्खनन्‌ले सडक जोखिममा, दुर्घटनाको खतरा बढ्यो

दैनिक समाचारदाता
राजविराज, १ मंसिर ।

राजविराज-कुनौली सडकखण्ड अन्तर्गत तिलाठी नजिकै सडकको पश्चिमतर्फको छेउबाट जथाभावी माटो खनिएपछि सडक भासिने तथा भत्किने जोखिम बढेको छ ।

स्थानीयवासीहरूले घरायसी प्रयोजनका लागि सडक छेउको माटो खनेर लगेपछि सडकको छेउमा ठूलो खाल्डो बनेको छ ।

सडकको तल्लो भागबाट समेत माटो निकालिएकाले सडकको जग कमजोर बन्दै गएको र जुनसुकै बेला सडक भत्किन सक्ने खतरा बढेको स्थानीयको भनाइ छ ।

स्थानीय रमेश झाले सडकछेउबाट यसरी माटो



उत्खनन् गर्दा सडक भत्किनुका साथै सवारी दुर्घटनासमेत हुन सक्ने जोखिम रहेको बताए । उनले समयमै यसतर्फ ध्यान नदिए ठूलो दुर्घटना निम्तिन सक्ने चिन्ता व्यक्त गरे ।

सडकको छेउबाट जथाभावी माटो उत्खनन हुँदा सडकको संरचना नै जोखिममा परेको भन्दै स्थानीयवासीहरूले सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् ।

स्थानीयहरूले सम्भावित दुर्घटना र सडक क्षति रोक्न सडक विभाग तथा सम्बन्धित स्थानीय सरकारले तत्काल स्थलगत अनुगमन गरी आवश्यक रोकथाम र संरक्षणका उपाय अपनाउनुपर्ने माग गरेका छन् ।

सार्वजनिक ऋणको ब्याज करिब एक खर्ब भुक्तान

काठमाडौँ, १ मंसिर (रासस) ।

सरकारले चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो तीन महिना (असोज मसान्त) सम्ममा मुलुकमा सार्वजनिक ऋणको साँवा खर्च तथा ब्याज भुक्तानीमा रु ९८ अर्ब ८७ करोड ३५ लाख भुक्तानी गरेको छ । सरकारले यस शीर्षकमा चालु आर्थिक वर्षका लागि रु चार खर्ब १७ अर्ब ८८ करोड विनियोजन गरेकामा सो रकम तीन महिनामा भुक्तानी गरेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको हो ।

कार्यालयले चालु आर्थिक वर्षको असोज मसान्तसम्म अवधिमा दायित्व रु ३० खर्ब नौ अर्ब ११ करोड पुगेको जनाएको छ । सार्वजनिक ऋण सरकारको आम्दानी एवं दायित्वको स्रोत हो । सरकारले सार्वजनिक ऋणमार्फत विकास परियोजना तथा दैनिक कार्य सञ्चालनका लागि खर्च व्यवस्थापन गर्ने कार्यालयका अधिकृत कृष्णप्रसाद शर्माले जानकारी दिनुभयो ।

उक्त कार्यालयले सार्वजनिक ऋणको लागत र वित्तीय जोखिम कम गर्दै ऋण दायित्वलाई दिगो रूपमा व्यवस्थापन गर्दै आएको छ । कूल सार्वजनिक ऋणमा २०८३ साउन १ गतेदेखि प्रथम त्रैमासिकको अवधिमा वैदेशिक ऋणको हिस्सा ५३.१३ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४६.८७ प्रतिशत रहेको छ । जुन कूल ग्राहस्थ्य उत्पादनको करिब ४६ प्रतिशत रहेको उहाँले जानकारी दिनुभयो ।

सार्वजनिक ऋण व्यवस्थापनमा ऋण उठाउने, ग्यारेन्टी गर्ने, ऋणको चुक्ता गर्ने एवं ऋणको पुन संरचनासँग सम्बन्धित कार्य पर्दछ । आन्तरिक ऋणलाई अल्पकालीन स्रोत मानिएको छ । यसअन्तर्गत ट्रेजरी बिल, विकास ऋणपत्र, नागरिक तथा वैदेशिक रोजगार बचतपत्रलाई लिइएको छ । दीर्घकालीन स्रोतका रूपमा बाह्य ऋणलाई लिने गरिन्छ । यसअन्तर्गत ऋण विश्व बैंक, एसियाली विकास बैंकलगायत अन्तरराष्ट्रिय सङ्घ संस्था तथा विदेशी सरकारबाट लिने गरिन्छ ।

पहिलो चौमासिकमा २३ प्रतिशत बजेट खर्च

काठमाडौँ, १ मंसिर (रासस) ।

चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो चौमासिकमा सरकारको आम्दानी वार्षिक लक्ष्यको २३ दशमलव ३९ र खर्च २३ दशमलव ३७ प्रतिशत देखिएको छ ।

महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार कात्तिक मसान्तसम्ममा सरकारले कूल रु चार खर्ब ९६ अर्ब ५२ करोड ११ लाख बराबर खर्च गरेको हो । यो वार्षिक लक्ष्यको तुलनामा २३ दशमलव ३७ प्रतिशत हुन आउँछ ।

चालुगत शीर्षकमा यस आर्थिक वर्षका लागि रु १२ खर्ब ७० अर्ब ५८ करोड ९० लाख बजेट विनियोजन भएकोमा कात्तिक मसान्तसम्ममा वार्षिक विनियोजनको २७ दशमलव २९ प्रतिशतअर्थात् रु तीन खर्ब ४६ अर्ब ७५ करोड २४ लाख खर्च भएको छ ।

त्यस्तै, पुँजीगत शीर्षकमा रु चार खर्ब ३१ अर्ब १० करोड ६३ लाख बराबर विनियोजन भएको सात दशमलव ५३ प्रतिशतअर्थात् रु ३२ अर्ब ४४ करोड ८६ लाख खर्च भएको छ । वित्तीय व्यवस्था शीर्षकमा यस वर्ष रु चार खर्ब २२ अर्ब ६४ करोड ९१ लाख बराबर बजेट विनियोजन भएकोमा कात्तिक मसान्तसम्ममा २७ दशमलव ७६ प्रतिशतअर्थात् रु एक खर्ब १७ अर्ब ३२ करोड खर्च भएको छ ।

सरकारले यस वर्ष रु १६ खर्ब ४२ अर्ब छ करोड ३७ लाख आम्दानी गर्ने लक्ष्य राखेकोमा कात्तिक मसान्तसम्ममा वार्षिक लक्ष्यको २३ दशमलव ३९ प्रतिशतअर्थात् रु तीन खर्ब ८४ अर्ब सात करोड बराबर प्राप्ति गरेको छ । कूल रु १५ खर्ब ८० अर्ब ३१ करोड ८३ लाख राजस्व उठाउने लक्ष्य राखेको सरकारले पहिलो चौमासिकसम्ममा २३ दशमलव ५८ प्रतिशतअर्थात् रु तीन खर्ब ७२ अर्ब ७१ करोड ८० लाख बराबर राजस्व उठेको छ ।

वैदेशिक अनुदानतर्फ यस वर्ष रु ६१ अर्ब ७४ करोड ५४ लाख बराबरको वार्षिक लक्ष्य रहेकोमा कात्तिक मसान्तसम्ममा १४ दशमलव पाँच प्रतिशतअर्थात् रु आठ अर्ब ६७ करोड ३५ लाख बराबर अनुदान प्राप्त भएको महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कबाट देखिएको छुनस् ।

नेपालको सार्वभौम क्रेडिट रेटिङ अंक बढेर ३.६६ पुग्यो

काठमाडौँ, १ मंसिर (रासस) ।

नेपालको सार्वभौम साख मूल्याङ्कन (सोभरेन क्रेडिट रेटिङ)को अङ्क गत वर्षको तुलनामा वृद्धि भएको छ ।

अर्थ मन्त्रालयका अनुसार अन्तरराष्ट्रिय रेटिङ संस्था फिचको सोभरेन रेटिङ मोडल (एसआरएम) मा नेपालको अङ्क गत वर्षको ३.४७ बाट ०.१९ अङ्कले वृद्धि भई यस वर्ष ३.६६ पुगेको हो ।फिचको मूल्याङ्कन प्रणालीमा बिबी- ' (डलब बी माइनस) रेटिङ प्राप्त गर्न न्यूनतम ३.५ अङ्क आवश्यक पर्ने व्यवस्था छ । गत वर्ष नेपालको एसआरएम अङ्क न्यूनतम सीमाभन्दा कम रहेकाले गुणात्मक मूल्याङ्कनका आधारमा एक तह थप गरी 'बिबी-' रेटिङ प्रदान गरिएको थियो । तर, यस वर्ष नेपालले कुनै अतिरिक्त ग्रेस अङ्क वा सहुलियतबिना आफ्नै मूल्याङ्कन अङ्कका आधारमा 'बिबी-' रेटिङ प्राप्त गरेको अर्थ मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

फिच रेटिङले नेपालको सार्वभौम क्रेडिट रेटिङ लगातार तेस्रो वर्ष स्थीर अर्थात् 'डबल बी माइनस' मा कायम राखेको छ ।

हालै रसुवा, बूढीगण्डकीलगायत क्षेत्रमा गएको विनाशकारी बाढीबाट उत्पन्न प्रतिकूल परिस्थितिका बाबजुत नेपालको क्रेडिट रेटिङ अङ्कमा वृद्धि हुनु महत्वपूर्ण उपलब्धि भएको अर्थ मन्त्रालयको भनाइ छ ।

सरकारले अघि बढाएका सुशासनसम्बन्धी कदम तथा समग्र आर्थिक सुधारका कार्यक्रमले नेपालको सार्वभौम क्रेडिट रेटिङमा सकारात्मक प्रभाव पारेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

सार्वभौम क्रेडिट रेटिङले कुनै देशको आर्थिक अवस्था, वित्तीय स्थायित्व तथा ऋण दायित्व पूरा गर्न सक्ने क्षमताको मूल्याङ्कन गर्दछ । यसले अन्तरराष्ट्रिय वित्तीय बजारमा मुलुकको विश्वसनीयता, वैदेशिक लगानीको वातावरण तथा बाह्य ऋण प्राप्त गर्ने क्षमताको आकलन गर्न महत्वपूर्ण आधार प्रदान गर्दछ ।

मधेसको सत्ता राजनीतिमा नयाँ समीकरणको खोजी

धनुषा, १ मंसिर (रासस) ।

मिथिला क्षेत्रको मुख्य चाड छठ पर्वको समापनसँगै मधेस प्रदेशमा नयाँ सरकार गठनका लागि राजनीतिक दलको सक्रियता बढेको छ ।

मुख्यमन्त्री कृष्णप्रसाद यादवले पदबाट राजीनामा दिएपछि नयाँ सरकार गठनका लागि दलहरूबीच सत्ता समीकरण, नेतृत्व र मन्त्रालय बाँडफाँटबारे छलफल तीव्र तुल्याइएको छ ।

नेकपा (एमाले) र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) को समर्थनमा जनता समाजवादी पार्टी (जसपा) नेपालको नेतृत्वमा सरकार गठन गर्ने विषयमा अहिले नेताहरूबीच संवाद अघि बढेको छ । प्रारम्भिक छलफलमा जसपा नेपालले सरकारको नेतृत्व गर्ने त्यसमा एमाले र नेकपाले समर्थन गर्ने गरी समीकरण निर्माण गर्ने प्रयास भइरहेको नेताहरुले बताएका छन् ।

प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्ने अवस्था नदेखिएपछि मुख्यमन्त्री यादवले गत कात्तिक २८ गते पदबाट राजीनामा दिनुभएको थियो । एमाले र नेकपाले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि कांग्रेस नेतृत्वको सरकार अल्पमतमा परेको हो । आवश्यक बहुमत जुटाउन नसक्ने अवस्था देखिएपछि विश्वासको मत लिने प्रक्रियामा प्रवेश गर्नुअघि नै उहाँले पद त्यागनुभयो ।

मुख्यमन्त्रीको राजीनामासँगै प्रदेशमा नयाँ सरकार गठनको संवैधानिक प्रक्रियाअघि बढेको छ । प्रदेश प्रमुख डा सुरेन्द्रलाभ कर्णले संविधानअनुसार दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत जुटाउन सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्रीमा दाबी पेस गर्न आह्वान गर्नुभएको छ ।

प्रदेश प्रमुखले आगामी मङ्सिर ४ गते अपराह्न ४ बजेसम्मको समयसीमा निर्धारण गर्नुभएको छ । नेकपाका नेता भरतकुमार साहले जसपा नेपालकै नेतृत्वमा नयाँ सरकार गठन गर्ने तयारी भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "संसदीय दलको नेता नै मुख्यमन्त्री बन्ने परिपाटी रहेकाले जसपाकै नेताको सम्भावना बलियो छ । यद्यपि अन्य नेताको पनि दाबी छ ।"

जसपा नेपालका नेता जीतेन्द्र सोनारले भने मुख्यमन्त्रीको उम्मेदवारका विषयमा पार्टीभित्र औपचारिक छलफल भइ हालसम्म निष्कर्षमा पुगी नसकेको बताउनुभयो । सरकार गठन र मन्त्रालय बाँडफाँटबारे अहिले नै केही भन्न नसकिने उहाँको भनाइ छ । सोनार यसअघि मधेस प्रदेशसभामा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालको संसदीय दलका नेता हुनुहुन्थ्यो । लोसपा नेपाल गत पुस २७ गते जसपा नेपालमा समाहित भएको थियो ।

एमाले मधेस प्रदेशका संसदीय दलका नेता सरोजकुमार यादवले पनि नयाँ सरकार गठनका विषयमा अनौपचारिक छलफल भइरहेको बताउनुभयो । उहाँले औपचारिक निर्णयका लागि तीन दलबीच थप छलफल आवश्यक रहेको उल्लेख गर्नुभयो ।

जसपा नेपालका नेता मनिषकुमार सुमनले पनि आफ्नै पार्टीको नेतृत्वमा नयाँ सरकार गठन हुने परिस्थिति देखिएको बताउनुभयो । प्रदेशसभामा जसपा नेपालको सिट सङ्ख्या अन्य दलको तुलनामा बढी रहेकाले सरकारको नेतृत्व लिनुपर्ने अवस्था रहेको उहाँको भनाइ छ ।

प्रदेशसभाको पहिलो कार्यकालमा जसपा नेपालका नेता लालबाबु राउतले विसं २०७४ फागुन २ देखि विसं २०७९ पुस २९ गतेसम्म मुख्यमन्त्रीको जिम्मेवारी सम्हाल्नुभएको थियो । मधेस प्रदेश स्थापनापछि पहिलो कार्यकाल उहाँकै नेतृत्वमा सरकार गठन भएको थियो ।

प्रदेशसभाको दोस्रो निर्वाचनपछि जसपा नेपालका सरोजकुमार यादव विसं २०७९ पुस २९ गते मुख्यमन्त्री बन्नुभयो । तर, प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्न नसकेपछि उहाँ विसं २०८१ जेठ २३ गते पदमुक्त हुनुभयो । त्यसयता मधेस प्रदेशमा मुख्यमन्त्री फेरिने क्रम निरन्तर जस्तै बनेको छ । जसपा नेपालका सरोजकुमार यादवपछि विसं २०८१ जेठ २५ गते जनमत पार्टीका सतिशकुमार सिंह मुख्यमन्त्री बन्नुभएको थियो । सिंहले विसं २०८२ असोज २८ गते राजीनामा दिएपछि तत्कालीन लोसपाका जीतेन्द्र सोनारले विसं २०८१ असोज २९ गते मुख्यमन्त्रीको जिम्मेवारी सम्हाल्नुभयो ।

विश्वासको मत प्राप्त गर्ने अवस्था नदेखिएपछि उहाँले सोही वर्षको कात्तिक २२ गते एक महिनाभित्रै राजीनामा दिनुभएको थियो । त्यसपछि एमालेका सरोजकुमार यादव सोही कात्तिक २३ गते मुख्यमन्त्री बन्नुभयो । उहाँले सोही बर्षको मङ्सिर १७ गते पनि विश्वासको मत प्राप्त गर्ने अवस्था नदेखेपछि पदबाट राजीनामा दिनुभयो । त्यसपछि मङ्सिर १९ गते कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव मुख्यमन्त्री बन्नुभयो ।

उहाँले गत कात्तिक २८ गते राजीनामा गरेसँगै प्रदेशमा पुनः नयाँ सरकार गठनको प्रक्रिया अघि बढेको हो । १०३ सदस्यीय मधेस प्रदेशसभामा उपलब्ध दलगत विवरणअनुसार जसपा नेपालका २७, एमालेका २३, नेपाली कांग्रेसका २२, नेपाली कम्युनिष्ट पार्टीका १५ र जनमत पार्टीका १२ सांसद छन् । त्यस्तै, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीको एक-एक सिट छ ।

प्रदेशसभामा सदस्यको संख्या र दलहरुबीचको हुने गठबन्धनका आधामा नयाँ सरकार गठनको समीकरण बन्नेछ ।

कानुनी व्यवस्था मिलाएर पीडितलाई राहत दिन्छौं : सभामुख अर्याल

सर्लाही, १ मंसिर (रासस) ।

सभामुख डोलप्रसाद अर्यालले भिमफेदी दुर्घटनाका पीडितलाई उचित राहत प्रदान गरिने बताउनुभएको छ । सोमबार पीडित परिवारलाई भेट्न सर्लाहीको चक्रघट्ट गाउँपालिका-४ सुन्दरपुर पुग्नुभएका उहाँले कानुनी व्यवस्था मिलाएर पीडितलाई राहत दिने जानकारी दिनुभयो ।

"तीनै तहका सरकारसँग आवश्यक सहकार्य र समन्वय गरेर कानुनले गरेको व्यवस्थापछि पनि थप के हुन्छ, छलफलबाट निर्णय लिनेछौं । उचित राहतको कानुनी व्यवस्था छैन भने पनि अन्य निकायबाट मिलाउन पहल गर्नेछौं", सभामुख अर्यालले भन्नुभयो ।

पीडित परिवारका बालबालिकाको उच्च शिक्षासम्मको पठनपाठनको जिम्मा र लालनपालनको व्यवस्थामा सरकारले स्पष्ट पहल गर्ने सभामुख अर्यालले प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले शोकसन्तप्त परिवार र आफन्तप्रति समवेदनासमेत प्रकट गर्दै यस विषम घडीमा परिवारलाई धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामनासहित यस्ता दुर्घटना नियन्त्रणका लागि सरकारको तर्फबाट ठोस् कदम चाल्ने बताउनुभयो ।

बिहीबार छठ पर्व मनाउन काठमाडौँबाट सर्लाही आउँदै गरेको रिर्जभ विद्युतीय गाडी भिमफेदी गाउँपालिका-६ स्थित चिसापानी गढीमा दुर्घटना भएको थियो । सडकबाट करिब ५०० मिटर तल खसेर दुर्घटना भएको गाडीमा सवारमध्ये यस गाउँका १३ जनाको मृत्यु भएको थियो ।

घाइते भएका छमध्ये तीन जना उपचारपछि घर फर्किसकेका छन् । बाँकीको उपचार भइरहेको छ । भेटमा सभामुख अर्यालसँग पीडित परिवारले घटनाको विवरणसहित उचित राहतको पहल गरिदिन आग्रह गर्नुभएको थियो । अभिभावक गुमाएका बालबालिका र घरको एकमात्र सहारा गुमाएका आश्रित परिवार घटनापछि बिचल्लीमा परेका उहाँहरूको गुनासो थियो ।

गाउँपालिकाका अध्यक्ष कृष्ण यादवले मृतकको दाहसंस्कार खर्च स्वरुप पालिकाले जनही रु ५० हजारका दरले सहयोग प्रदान गरेको बताउनुभयो ।

सभामुख अर्यालसँगै सर्लाही क्षेत्र नम्बर-१ की सांसद नीतिमा कार्की, २ का सांसद रविन महतो, ३ नम्बर क्षेत्रका सांसद नरेन्द्र साह कलवार, सांसद रहवर अन्सारी, प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदीलगायत पीडित परिवार भेट्न सुन्दरपुर गाउँ पुग्नुभएको थियो ।

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, ***वेवसाइट*** : *rajbirajdainik.com.np*